apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः १४७ ● पृष्ठः ४ ● ३१ जेठ २०८३ आइतबार (14 June 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/




सिरहा जिल्ला क्रिकेट संघको नेतृत्व सर्वसम्मत चयन, सुनिल महासेठ पुनः अध्यक्षमा निर्विरोध

समाचार पृष्ठ ४

# विद्यालयको सार्वजनिक जग्गामा निर्माण रोक्न अदालतको अन्तरिम आदेश

सिरहाको कल्याणपुर नगरपालिका-१० बंठिया बजारमा विद्यालयको जग्गा विवाद पुनः चर्चामा, अदालतको आदेश कार्यान्वयनबारे प्रश्न

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३० गते**

सिरहा जिल्ला अदालतले सार्वजनिक प्रयोजनका लागि रहेको विद्यालयको नामको जग्गामा कुनै पनि नयाँ संरचना निर्माण नगर्न अन्तरिम आदेश जारी गरेको अवस्थामा पनि सोही क्षेत्रमा निर्माण कार्य जारी रहेको आरोप सार्वजनिक भएपछि विषय पुनः चर्चामा आएको छ। अदालतको आदेशपछि पनि निर्माण कार्य रोकिएको नदेखिएको दाबी गरिएसँगै न्यायिक आदेशको कार्यान्वयन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा कानुनी शासनबारे प्रश्न उठ्न थालेको छ।



सिरहा जिल्ला अदालतका जिल्ला न्यायाधीश भीमबहादुर निरौलाको एकल इजलासले कल्याणपुर नगरपालिका-१०, बंगठिया बजारस्थित कित्ता नं. २८ मा रहेको ३ बिघा १ कठ्ठा ११ धुर क्षेत्रफल जग्गामा कुनै पनि नयाँ संरचना निर्माण नगर्न तथा यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको थियो। उक्त जग्गा श्री चन्द्री देवि आधारभूत विद्यालय डोकहा बंगिठयाको नाममा रहेको दाबी गरिएको छ।

शुभेन्द्रकुमार साहले दायर गरेको निषेधाज्ञासम्बन्धी निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि अदालतले उक्त आदेश जारी गरेको हो। आदेशमा विद्यालयको सार्वजनिक प्रयोजनका लागि रहेको जग्गामा बजारका सटरलगायत संरचना निर्माण भइरहेको देखिएकाले तत्काल निर्माण कार्य रोक्न आवश्यक रहेको उल्लेख गरिएको छ।

**विद्यालयको जग्गा खिचोला भएको**

**अदालतको पूर्व निष्कर्ष**

अन्तरिम आदेशमा अदालतले सोही जग्गासम्बन्धी यसअघि चलेको मुद्दामा विद्यालयको सार्वजनिक जग्गा खिचोला गरिएको ठहर भएको तथ्यसमेत उल्लेख गरेको छ। आदेशअनुसार उक्त

बाँकी पृष्ठ ३ ▸▸

# नेपालका राजनीतिक शक्तिहरू विचारशून्य छन् : डा. सीके राउत

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३० गते**

जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले पछिल्लो समय राजनीतिक शक्तिहरू विचारशून्य भएको बताएका छन्।

काठमाडौँमा शनिवार नयाँ शक्तिको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। अध्यक्ष राउतले नयाँ पुस्तामा विचार र सिद्धान्तभन्दा पनि 'सेलेब्रिटी' प्रवृत्ति र विध्वंसप्रति आकर्षण बढेको टिप्पणी गरे। राजनीतिमा विचार र नैतिकताको प्रधानता हुनुपर्नेमा जोड दिए।

उनले हालको राजनीतिक अवस्थालाई 'विचारशून्य युग'को संज्ञा दिँदै सामाजिक सञ्जालमा हुने गालीगलौज र तर्कहीन बहसले लोकतन्त्रलाई कमजोर बनाइरहेको तर्क गरे। संसदीय व्यवस्था र लोकतान्त्रिक मूल्यमान्यतामा ह्रास आएको उल्लेख गर्दै उनले प्रधानमन्त्री संसद्मा उपस्थित भएर जवाफ दिनुपर्ने अनिवार्य शर्त भए पनि सर्वसाधारणले त्यसलाई अनावश्यक ठान्ने परिस्थिति निर्माण हुनु दुःखद भएको बताए।



अध्यक्ष राउतले पछिल्लो समय राज्यले अवलम्बन गरेको डोजर संस्कृतिको पनि आलोचना गरे। पुरानो पुस्ताका नेताहरूले दशकौँ जेलनेल भोगेको र जनताको सेवामा समर्पित भए पनि नयाँ पुस्ताले त्यसको मूल्याङ्कन गर्न छाडेको उनको विश्लेषण छ।

डा. राउतले भने, 'आज वैचारिक शून्यता भएको शक्ति जन्मिएको छद। हामी चौबीसै घण्टा जनताको सेवामा उपलब्ध हुन्छौं, तर आजभोलि टाढैबाट हात हल्लाउने र जनतासँग नभेट्ने प्रवृत्तिप्रति आकर्षण बढेको छ। यो डार्क साइकोलोजी र एल्गोरिदमको खेल हो, जसमा हामीजस्ता भुइँतहमा काम गर्ने नेताहरू चुकेका छौं।'

आफूहरूले प्रविधि र नयाँ जमानाको सञ्चार शैलीलाई आत्मसात गर्न

बाँकी पृष्ठ २ ▸▸

# घरबाटो सिफारिस नपाउँदा वृद्धा अप्ठ्यारोमा, जग्गा विवादले परिवारमा हिंसा

**मणिलाल विश्वकर्मा**
**सिरहा, जेठ ३० गते**

सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-१ रामपुर निवासी करिब ६५ वर्षीया देवकीदेवी ठाकुरले आफ्नो नाममा रहेको दुई कठ्ठा जग्गाको घरबाटो सिफारिश वडा कार्यालयबाट नपाउँदा आर्थिक र पारिवारिक समस्यामा परेको गुनासो गरेकी छन्।

देवकीदेवीका अनुसार पाँच सन्तानमध्ये कान्छी छोरीको विवाहका लागि छोराहरू र बुहारीसँग पटक-पटक सहयोग माग्दा पनि खर्चको व्यवस्था नभएपछि उनले आफ्नो नामको जग्गा धितो राखेर ऋण लिने प्रयास गरेकी थिइन्। तर वडा कार्यालयले करिब डेढ वर्षदेखि घरबाटो सिफारिश नदिएको उनको आरोप छ। यसका कारण कान्छी छोरीको विवाहमा लागेको करिब पौने १० लाख रुपैयाँ ऋण तिर्न नसकेको उनले बताइन्।



देवकीदेवीका तीन छोराबाट जेठो र कान्छो विदेशमा तथा माहिलो

बाँकी पृष्ठ ४ ▸▸

# मधेश प्रदेशकी महिला सांसद 'विद्रोही' लाई कर्मयोगी बद्री पहाडी समाजसेवी पुरस्कार प्रदान

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ३० गते**

मधेश प्रदेशकी महिला सांसद ललिता दास तत्मा (विद्रोही)लाई कर्मयोगी बद्री पहाडी समाजसेवी पुरस्कार प्रदान गरिएको छ। मानव अधिकार तथा शान्ति समाजद्वारा स्थापित कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार मधेश प्रदेशका प्रदेश प्रमुख डा.सुरेन्द्र लाभ कर्णले सांसद विद्रोहीलाई प्रदान गरेका छन्।

शनिबार जनकपुरधाममा आयोजित पुरस्कार अर्पण कार्यक्रममा सांसद विद्रोहीलाई नगद रु १ लाख १० हजारसहित प्रमाणपत्र प्रदान गरिएको छ। मधेशको दलित समुदायबाट




सामाजिक न्यायको आन्दोलनमा सशक्त भूमिका निर्वाह गर्नुका साथै दलित, महिला र सीमान्तकृत समुदायको अधिकारका लागि योगदान हेतु सांसद विद्रोहीलाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय २०८२ फागुन ३० गते सम्पन्न मानव अधिकार तथा शान्ति समाजको पुरस्कार छनौट समितिको बैठकले गरेको थियो।

बाँकी पृष्ठ ३ ▸▸

# तलब माग गर्दै जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीद्वारा आन्दोलनको घोषणा




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ३० गते**

मधेश प्रदेशका स्थानीय तहमा कार्यरत जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरूले तलब सहित विभिन्न सेवा सुविधाको माग गर्दै आन्दोलनको घोषणा गरेका छन्।

मधेश प्रदेश सरकार मातहतका प्रदेश जनस्वास्थ्य प्रयोगशालामार्फत सञ्चालित १३६ वटै स्थानीय तहका प्रयोगशालाकर्मीहरू आबद्ध संयुक्त संघर्ष समितिले आफ्ना माग तत्काल सम्बोधन गर्न सरकारसँग माग गरेको छ।

समितिले शुक्रबार एक विज्ञप्ति जारी गरी चालु आर्थिक वर्षको कार्तिक महिनादेखि हालसम्म ७ महिनाको तलब भुक्तानी नभएको उल्लेख गर्दै चाडपर्व भत्ता लगायतका सुविधा पनि

बाँकी पृष्ठ ३ ▸▸







प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# कांग्रेसभित्र असन्तुष्ट समूहको शक्ति प्रदर्शनः मधेश भेलाबाट नेतृत्वलाई दबाब

**वाहिद हदीस**



नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनको विषयलाई लिएर विवाद चर्किरहेका बेला असन्तुष्ट नेताहरूले मधेश प्रदेशमा प्रदेशस्तरीय कार्यकर्ता भेला आयोजना गर्दै पार्टी नेतृत्वमाथि राजनीतिक दबाब बढाउने संकेत दिएका छन् ।

जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला सांस्कृति केन्द्रको सभा हलमा सम्पन्न भेलामा मधेश प्रदेशका आठवटै जिल्लाका नेता-कार्यकर्ताको सहभागिता रहेको बताइएको छ । कार्यक्रममा पूर्वउपसभापति विमलेन्द्र निधि, पूर्वकेन्द्रीय सदस्यहरू, पूर्वपदाधिकारी तथा जिल्लास्तरीय नेताहरू सहभागी भए पनि संघीय संसद र प्रदेशसभाका सांसदहरूको उपस्थिति भने देखिएन । यसले भेला मुख्यतः संगठनभित्रका पुराना नेता-कार्यकर्ता र असन्तुष्ट धारको शक्ति प्रदर्शनमा केन्द्रित रहेको संकेत गरेको छ ।

कांग्रेसभित्र विशेष महाधिवेशनको माग र नियमित महाधिवेशनको पक्षमा देखिएको मतभेदका बीच प्रदेशस्तरीय कार्यकर्ता भेला केवल 'एकता'को सन्देश दिने कार्यक्रम मात्र नभई पार्टी नेतृत्वलाई राजनीतिक दबाब दिने प्रयासका रूपमा पनि हेरिएको छ । पार्टीभित्र बढ्दो असन्तुष्टि, सदस्यता नवीकरणलाई लिएर उत्पन्न विवाद तथा आगामी १५औँ महाधिवेशनको तयारीका सन्दर्भमा असन्तुष्ट धारले प्रदेशस्तरमै आफ्नो उपस्थिति देखाउँदै नेतृत्वसमक्ष सशक्त सन्देश प्रवाह गरेको छ ।

पूर्वउपसभापति विमलेन्द्र निधिनिकट नेता तथा अन्य असन्तुष्ट समूहको पहलमा जनकपुरधाममा आयोजित भेलामा मधेश प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । आठ जिल्लामध्ये महोत्तरीका सभापति नागेश्वर यादव र बाराका सभापति राजेशप्रसाद राय यादवको उपस्थिति विशेष अर्थपूर्ण मानिएको छ ।

जिल्ला सभापतिहरू नै खुला रूपमा कार्यक्रममा सहभागी हुनु पार्टीभित्र असन्तुष्टि केवल केही व्यक्तिमा सीमित नरहेको सन्देशका रूपमा व्याख्या गरिएको छ । बाराका सभापति राजेशप्रसाद राय यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्वउपसभापति विमलेन्द्र निधि प्रमुख अतिथिका रूपमा उपस्थित थिए भने पूर्वकेन्द्रीय सदस्य मोहनबहादुर बस्नेत, गुरुप्रसाद बराल, पूर्वसहमहामन्त्री उमाकान्त चौधरी, संविधानसभा सदस्य प्रेमकिशोर शाहलगायतका नेताहरूको सहभागिता रहेको थियो ।

भेलामा सहभागी नेताहरूले सार्वजनिक रूपमा पार्टी एकताको पक्षमा आफूहरू उभिएको बताएका छन् । तर, कार्यक्रमको स्वरूप, उठाइएका विषय र नेतृत्वप्रति व्यक्त गरिएका असन्तुष्टिले यो भेला संस्थापनपक्षप्रति चेतावनी र दबाब दुवै भएको संकेत गरेको छ । विशेष गरी पार्टीभित्र विशेष महाधिवेशनको विषयलाई लिएर बढ्दो विवादका बीच आयोजित भेलाले असन्तुष्ट समूहहरू अझ संगठित बन्दै गएको सन्देश दिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वउपसभापति विमलेन्द्र निधिले कांग्रेसभित्रको एकता कमजोर बन्दा मुलुकमा लोकतान्त्रिक शक्तिहरू कमजोर हुने र अधिनायकवादी प्रवृत्तिले बल पाउने तर्क गरे । उनले विगतमा कांग्रेसले जनताको अधिकार, लोकतन्त्रको पुनःस्थापना, शासन व्यवस्था परिवर्तन र संविधान निर्माणका लागि गरेका आन्दोलनहरू पार्टीभित्रको एकताकै कारण सफल भएको स्मरण गराउँदै अहिले पनि सबैपक्ष एकताबद्ध हुन आवश्यक रहेको बताए । निधिले विशेष महाधिवेशनको पक्षमा रहेका र नियमित महाधिवेशनको पक्षमा रहेका दुवै समूहबीच संवाद र सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै आगामी १५औँ महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा सम्पन्न गर्नुपर्ने धारणा राखे । उनले क्रियाशील सदस्यता र सदस्यता नवीकरणको विषयलाई विवादको आधार नबनाउन पनि नेतृत्वलाई आग्रह गरे ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका निधिले कांग्रेस कमजोर भए त्यसको प्रत्यक्ष असर आगामी स्थानीय तह, प्रदेशसभा र संघीय निर्वाचनमा पर्ने चेतावनी दिए । उनले पार्टीभित्रका सबै धार र समूहलाई समेटेर अघि बढ्न नसकिए कांग्रेसले राजनीतिक रूपमा ठूलो मूल्य चुकाउनुपर्ने अवस्था आउन सक्ने बताए ।

यद्यपि, भेलामा व्यक्त भएका भनाइहरू केवल एकताको आग्रहमा सीमित थिएनन् । असन्तुष्टपक्षका नेताहरूले नेतृत्वप्रति असन्तुष्टि पनि खुलेर व्यक्त गरेका थिए । भेलामा पूर्वसांसद आनन्द ढुंगानाले पार्टी नेतृत्वले असन्तुष्टपक्षले उठाएका विषयलाई गम्भीर रूपमा नलिएको आरोप लगाए । उनले नेतृत्वसँग पटक-पटक छलफल हुँदा माग र गुनासाहरू सम्बोधन गर्ने आश्वासन दिइए पनि व्यवहारमा त्यस अनुसारको पहल नभएको दाबी गरे । ढुंगानाका अनुसार पार्टीभित्र देखिएको असन्तुष्टि पद वा अवसरका लागि नभई सम्मान, सहभागिता र न्यायपूर्ण मूल्यांकनको मागसँग सम्बन्धित छ । उनले यही कारण प्रदेशस्तरीय भेला आयोजना गरी कार्यकर्ताको भावना नेतृत्वसमक्ष पुऱ्याउने प्रयास गरिएको बताए ।

पूर्वसहमहामन्त्री उमाकान्त चौधरीले पनि लामो समयदेखि पार्टीमा योगदान दिएका नेता तथा कार्यकर्ताको उचित सम्मान र मूल्यांकन हुनुपर्ने धारणा राखे । उनले कांग्रेसको संगठन बलियो बनाउन पुराना कार्यकर्ताको अनुभव र योगदानलाई बेवास्ता गर्न नहुने बताए । यस्तै महोत्तरीका सभापति नागेश्वर यादवले गत निर्वाचनमा कांग्रेस कमजोर बन्नुको प्रमुख कारण पार्टीभित्रको आन्तरिक असमझदारी र गुटीय संघर्ष रहेको दाबी गरे । उनले पार्टीको एकता कायम रहेको भए धेरै क्षेत्रमा कांग्रेसले अपेक्षित परिणाम प्राप्त गर्न सक्ने तर्क गरे । अहिलेको अभियान कांग्रेस छोड्ने वा नेतृत्वविरुद्ध विद्रोह गर्ने नभई पार्टीभित्र योगदान दिएका कार्यकर्ताको सम्मान सुनिश्चित गर्ने उद्देश्यले अघि बढाइएको उनको भनाइ थियो ।

भेलाको अर्को महत्त्वपूर्ण पक्ष सदस्यता नवीकरणसम्बन्धी निर्णय रहेको छ । सहभागी नेताहरूले यसअघि नै सदस्यता नवीकरण गरिसकेका सदस्यलाई पुनः सदस्यता नवीकरण गर्न बाध्य पार्न नहुने निष्कर्ष निकालेका छन् । साथै, सदस्यता नवीकरणलाई आधार बनाएर कुनै पनि पुराना सदस्य वा नेतामाथि कारबाही गर्ने प्रयास स्वीकार्य नहुने निर्णय पनि भेलाले गरेको छ । यसलाई पार्टी नेतृत्वले अघि बढाइरहेको संगठनात्मक प्रक्रियाप्रति असन्तुष्ट समूहको असहमतिको औपचारिक अभिव्यक्तिका रूपमा हेरिएको छ ।

भेलामा सहभागी पुराना नेता महेश रोशनका अनुसार कार्यक्रमले पार्टीलाई आगामी १५औँ नियमित महाधिवेशनसम्म एकताबद्ध रूपमा लैजानुपर्ने निष्कर्ष निकालेको छ । उनका अनुसार महाधिवेशनलाई विवाद र प्रतिस्पर्धाको थलो मात्र नभई संगठन सुदृढीकरणको अवसरका रूपमा उपयोग गर्नुपर्नेमा सहभागीहरूको जोड थियो ।

राजनीतिक विश्लेषकहरूका अनुसार मधेश प्रदेशमा आयोजित यो भेला कांग्रेसभित्रको आन्तरिक शक्ति सन्तुलनको संकेतक पनि हो । संघीय सांसद र प्रदेशसभा सदस्यहरू अनुपस्थित रहे पनि जिल्ला तहका नेतृत्व र पुराना प्रभावशाली नेताहरूको उपस्थितिले असन्तुष्ट समूहको संगठनात्मक पहुँच अझै कायम रहेको देखाएको छ । विशेषगरी महाधिवेशन नजिकिँदै जाँदा यस्ता भेलाहरू अन्य प्रदेशमा पनि विस्तार भए पार्टीभित्रको गुटीय ध्रुवीकरण थप तीव्र बन्न सक्ने आकलन गरिएको छ ।

कांग्रेस नेतृत्वले हालसम्म पार्टीभित्र देखिएको असन्तुष्टिलाई व्यवस्थापन गर्ने प्रयास गरिरहेको दाबी गरे पनि मधेश प्रदेशको यो भेला त्यस प्रयास पर्याप्त नभएको सन्देशका रूपमा देखिएको छ । एकातिर असन्तुष्टपक्षले आफूहरू पार्टी एकताकै पक्षमा रहेको बताइरहेको छ भने अर्कोतर्फ प्रदेशस्तरमै शक्ति प्रदर्शन गरेर नेतृत्वलाई दबाबमा राख्ने रणनीति पनि अपनाइरहेको देखिन्छ । यसले आगामी दिनमा विशेष महाधिवेशनको बहस, सदस्यता विवाद र नेतृत्वको भूमिकालाई लिएर कांग्रेसभित्रको राजनीतिक बहस अझ जटिल र पेचिलो बन्ने संकेत गरेको छ ।

## सम्पादकीय...

### पानी उद्योगलाई अनुगमन गर

पानी जीवनको आधार हो । मानिसको स्वास्थ्य, उत्पादनशीलता र जीवनस्तरसँग प्रत्यक्ष सम्बन्ध राख्ने वस्तु भएकाले यसको गुणस्तरमा कुनै सम्झौता हुन सक्दैन । तर सिरहा जिल्लामा सञ्चालनमा रहेका खानेपानी उत्पादन तथा प्रशोधन उद्योगहरूको अवस्था हेर्दा नियमन र अनुगमनको अभाव देखिन्छ । बजारमा बिक्रीवितरण भइरहेको जार र बोतलका पानी वास्तवमै मापदण्डअनुसार उत्पादन गरिएको छ कि छैन भन्ने विषयमा आम उपभोक्ता अन्योलमा छन् । सिरहामा पछिल्ला वर्षहरूमा खानेपानी उद्योगको संख्या बढेको छ । व्यवसाय विस्तार हुनु सकारात्मक पक्ष हो । तर उद्योगको संख्या बढेसँगै गुणस्तर परीक्षण, सरसफाइको अवस्था, उत्पादन प्रक्रिया तथा वितरण प्रणालीको प्रभावकारी अनुगमन हुन सकेको छैन । सम्बन्धित सरकारी निकायले नियमित रूपमा निरीक्षण नगर्दा उपभोक्ताले प्रयोग गरिरहेको पानी सुरक्षित छ वा छैन भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

धेरैजसो पानीका जार तथा बोतलमा उत्पादन मिति, उपभोग गर्न मिल्ने अन्तिम मिति, गुणस्तर परीक्षणको विवरण र आवश्यक लेबलसमेत स्पष्ट रूपमा उल्लेख गरिएको पाइँदैन । कतिपय अवस्थामा पुनः प्रयोग गरिएका जारहरूको सरसफाइ कस्तो छ भन्ने समेत यकिन हुँदैन । यस्तो अवस्थाले उपभोक्ताको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याउन सक्छ ।दूषित पानीका कारण झाडापखाला, टाइफाइड, हैजा लगायतका जलजन्य रोग फैलिन सक्ने सम्भावना रहन्छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्थानीय प्रशासन, स्थानीय तह र सम्बन्धित नियामक निकायहरूले नियमित अनुगमनलाई प्राथमिकता दिनुपर्छ । उद्योगहरूमा प्रयोग हुने पानीको स्रोत, प्रशोधन प्रविधि, प्रयोगशाला परीक्षण तथा सरसफाइका मापदण्डको समय-समयमा जाँच हुन आवश्यक छ । मापदण्ड पूरा नगर्ने उद्योगलाई कारबाही गर्ने र उपभोक्तालाई जानकारी गराउने व्यवस्था पनि उत्तिकै महत्वपूर्ण छ ।

उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषय भएकाले पानी उद्योगलाई केवल व्यापारिक दृष्टिले मात्र हेर्न मिल्दैन । सुरक्षित खानेपानी उपलब्ध गराउनु उद्योगीको दायित्व हो भने त्यसको निगरानी गर्नु राज्यको कर्तव्य हो । सिरहामा सञ्चालनमा रहेका पानी उद्योगहरूको प्रभावकारी अनुगमन, गुणस्तर परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आजको आवश्यकता हो । अन्यथा, नाफाको नाममा जनस्वास्थ्यसँग खेलबाड हुने खतरा बढ्दै जानेछ । सिरहावासीले शुद्ध र सुरक्षित पानी पिउन पाउने अधिकार सुनिश्चित गर्न सम्बन्धित निकायहरू जाग्नैपर्छ । नियमित अनुगमन, पारदर्शी परीक्षण र कडा नियमनमार्फत मात्र उपभोक्ताको विश्वास कायम गर्न सकिन्छ । जनस्वास्थ्यको सवालमा ढिलासुस्ती स्वीकार्य हुन सक्दैन । पानी उद्योगमाथिको प्रभावकारी निगरानी आजको अपरिहार्य आवश्यकता हो ।

## नेपालका राजनीतिक शक्तिहरू .............

नसक्दा पछाडि परेको स्वीकार गर्दै उनले अब नयाँ पुस्ताको चाहनानुसार आफूलाई परिमार्जन गर्नुपर्ने आवश्यकता औँल्याए ।

विचार र सिद्धान्तविहीन राजनीतिले मुलुकलाई कतै नपुऱ्याउने भन्दै उनले राजनीतिक दलहरूमा गम्भीर समीक्षाको खाँचो रहेको बताए ।

## आजको राशिफल

**मेष :** आज वाणीमा मधुरता र व्यवहारमा कुशलता कायम राख्नुहोला ।

**बृष :** चन्द्रमा तपाईंको आफ्नै राशिमा गोचर गरिरहेकाले आज मनमा नयाँ उत्साह र शरीरमा स्फूर्ति रहनेछ ।

**मिथुन :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले बजेट बनाएर मात्र खर्च गर्नुहोला ।

**कर्कट :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् । रोकिएको धन वा फसेको पैसा फिर्ता आउने बलियो सम्भावना छ ।

**सिंह :** कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग मिल्नेछ । नयाँ रोजगारीको अवसर वा पदोन्नतिको सम्भावना छ ।

**कन्या :** आज भाग्यले पूर्ण साथ दिनेछ । रोकिएका धार्मिक, माङ्गलिक वा सांस्कृतिक कार्यहरू सुचारु हुनेछन् ।

**तुला :** आजको दिन केही सतर्क रहनुपर्ने देखिन्छ । गोपनीयता कायम राख्दै धैर्यतापूर्वक काम गर्नुहोला ।

**वृश्चिक :** दाम्पत्य जीवनमा मधुरता छाउनेछ र जीवनसाथीको पूर्ण सहयोग मिल्नेछ ।

**धनु :** आज तपाईंको साहस र आत्मबल उच्च रहनेछ । शत्रुहरू परास्त हुनेछन् र पुराना ऋणहरू चुक्ता गर्ने बाटो खुल्नेछ ।

**मकर :** बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ । सन्तानको प्रगतिले मन खुसी हुनेछ ।

**कुम्भ :** पारिवारिक वातावरण केही अशान्त रहन सक्छ । हतारमा निर्णय लिनु भन्दा धैर्यतापूर्वक काम गर्नु लाभदायक हुनेछ ।

**मीन :** तपाईंको पराक्रम र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ । छोटो दूरीको लाभदायक यात्राको सम्भावना छ ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

- ग्राहक बन्नु परेमा ।
- नवीकरण गर्नु परेमा ।
- ठेगाना परिवर्तन भएमा ।
- पत्रिका नियमित नआएमा ।

**सिधा सम्पर्क ०३३-५२१२१४**
**अपन दैनिक पत्रिका**

# मधेशमा रास्वपाभित्र कलहः पर्साबाहेकका जिल्लामा हुन सकेन अधिवेशन

अपन दैनिक संवाददाता
सिरहा, जेठ ३० गते




मधेश प्रदेशका जिल्लाहरूमा अधिवेशनको क्रममा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रको आन्तरिक कलह सतहमा आएको छ । संघीय संसद् अन्तर्गतको प्रतिनिधिसभाका ३२ सिटमध्ये ३० सिट जितेर मधेश प्रदेशमा प्रभावशाली उपस्थिति देखाएको रास्वपाले आन्तरिक विवादका कारण संगठन विस्तार र सुदृढीकरणको चरणमा गम्भीर अवरोधको सामना गरिरहेको छ।

मधेश प्रदेशका आठ जिल्लामध्ये अहिलेसम्म पर्सा जिल्लामा मात्र सफलतापूर्वक जिल्ला अधिवेशन सम्पन्न गर्न सकेको छ । बाँकी सात जिल्ला- सर्लाही, रौतहट, बारा, धनुषा, महोत्तरी, सिरहा र सप्तरीमा अधिवेशन हुन सकेको छैन । पार्टीभित्रको आन्तरिक द्वन्द्व, नेतृत्वको प्रतिस्पर्धा र गुटबन्दीका कारण अधिवेशन हुन नसकेको हो।

पर्सामा भने शान्त वातावरणमा अधिवेशन सम्पन्न भएको पार्टीका केन्द्रीय सदस्य नन्दन यादवले बताए। पार्टीमा चुनावताका प्रवेश गरेकाहरूले नेतृत्वका लागि प्रभाव जमाउन खोज्दा द्वन्द्व निम्तिए पनि अन्तिममा शान्तिपूर्ण रूपमा अधिवेशन भएको उनको भनाइ छ। मतदान प्रक्रियामा गएर नेतृत्वको टुंगो लगाउने सहमतिपछि गत सोमवार अधिवेशन सम्पन्न भएको थियो।

तर अन्य जिल्लामा सहमति कायम हुन नसक्दा अधिवेशन प्रक्रिया अवरुद्ध बनेका छन् । नेतृत्वका आकांक्षी धेरै भएपछि विवादका कारण चुनावसमेत हुन सकेको छैन। विभिन्न दलबाट राजनीतिको पुरानो लिगेसी बोकेका र बेग्लाबेग्लै पृष्ठभूमिबाट चुनावताका रास्वपामा सामेल भएकाहरूको शक्ति संघर्षले आन्तरिक संगठन निर्माणमा चुनौती देखिएको राजनीतिक विश्लेषक आनन्द गुप्ता बताउँछन्।

संगठनात्मक रूपमा बलियो संरचना निर्माणमा पार्टीको लागि चुनौती खडा गरेको छ । यसले दीर्घकालीन रूपमा असर पर्ने विश्लेषकहरू बताउँछन् । "चुनावी जित एउटा कुरा हो, पार्टी संस्थागत रुपमा कति बलियो छ भन्ने कुराले दीर्घकालीन रूपमा भविष्य तय गर्छ," विश्लेषक आनन्द गुप्ता भन्छन्।

मंगलबार बिहान निर्वाचन समितिले सार्वजनिक गरेको मत परिणामअनुसार, रास्वपा पर्साको

बाँकी पृष्ठ ४

## तलब माग गर्दै जनस्वास्थ्य प्रयोगशालाका ..............

उपलब्ध नगराएको जनाएको छ । साथै, आर्थिक वर्ष समाप्त हुन लाग्दा पनि कर्मचारीहरूको सेवा सम्झौता तथा म्याद थपसम्बन्धी प्रक्रिया अन्योलमै रहेको गुनासो गरिएको छ।

मागप्रति सरोकारवाला निकाय गम्भीर नबने असार १ गतेदेखि चरणबद्ध आन्दोलन सुरु गरिने समितिले जनाएको छ। आन्दोलनमा जानुअघि पनि वार्तामार्फत समस्या समाधान गर्न सरकारलाई आग्रह गरिएको छ।

संघर्ष समितिका संयोजक मोहम्मद साजिद राइनका अनुसार समस्याबारे सम्बन्धित निकायलाई पटक-पटक जानकारी गराइए पनि समाधानका लागि प्रभावकारी पहल हुन सकेको छैन।

लामो समयसम्म पारिश्रमिकविना काम गर्न बाध्य पारिनु श्रमिक अधिकारको उल्लंघन भएको अध्यक्ष राइनले बताए।

प्रयोगशालाकर्मीहरूले बक्यौता तलब तत्काल भुक्तानी, सेवा सम्झौता नवीकरण प्रक्रिया पूरा गर्न तथा चाडपर्व, पोशाक, जोखिम र महँगी भत्ता उपलब्ध गराउन माग गरेका छन्।

साथै, आगामी आर्थिक वर्षदेखि तलब तथा सेवा-सुविधाका लागि पर्याप्त बजेट विनियोजन गरी नियमित भुक्तानी सुनिश्चित गर्न, वर्षको सुरुमै सेवा सम्झौता नवीकरण गर्न र प्रयोगशालाकर्मीहरूको पेशागत सुरक्षा तथा सुविधासम्बन्धी दीर्घकालीन नीति निर्माण गर्न पनि उनीहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।

यता प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख डा. नागेन्द्र यादवले प्रयोगशाला कर्मचारीको कात्तिकदेखि र माघयता सबैको तलब बक्यौता रहेको जानकारी गराएका छन् । प्रदेश सरकारबाट रकम निकासा नभएको कारण केही पालिकाका कर्मचारीले चेकजाँच वापतको रकम नबुझाएको कारण तलब रोकिन गएको उनले दाबी गरे।

उनका अनुसार अनुसार करीब १० प्रतिशत पालिकाका प्रयोगशाला कर्मचारीले चेकजाँचको शुल्क वापत उठेको रकम प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा नबुझाएका कर्मचारीहरुको साउन र कात्तिक महिनादेखि रोकिएको हो । अन्यको माघ महिनादेखि मात्रै बाँकी रहेको छ।

केमिकल भावमा लामो समयसम्म ल्याब ठप्प रहेपनि उनीहरूको तलब समयमा पठाइएको छ । उनले जानकारी दिए अनुसार प्रत्येक पालिकामा २ जनाको दरले २७० जना कर्मचारी करारमा कार्यरत छन्।

ल्याब टेस्टमा भइरहेको कालोबजारी र महँगाईको भार जनतामा कम गर्न प्रदेश सरकारले प्रदेशका ८ वटै जिल्लाका प्रत्येक पालिकामा २०८० असार महिनादेखि संचालनमा ल्याएका थिए । तर एक/डेढ वर्षपछि खरीद प्रक्रियता जटिलताले केमिकल भावमा बन्द भयो। केही स्थानीय तहले आफ्नै खर्चमा केमिकल खरीद संचालन गर्दै आएका थिए भने अधिकांश बन्द भएका थिए।

अहिले पनि अधिकांश पालिकामा केमिकल आभावले चेकजाँच नै ठप्प छ । केही पालिकामा भने सामान्य चेकजाँच मात्रै हुँदै आएको छ।

पालिका र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको साझेदारीमा संचालित ती प्रयोगशालामा स्थानीय तहले प्रयोगशाला संचालनका लागि भवन उपलब्ध गराएका थिए। बजार दररेट भन्दा निकै सस्तो मात्र २५ प्रतिशत दररेटमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशालादेखि पालिकास्तरीय प्रयोगशालाले ल्याब टेस्ट सुविधा उपलब्ध गराउँदै आएका छन्।






# २६० जनाको ज्यान गएको विमान दुर्घटनाको भिडियो खिच्ने आर्यनले किन छोड्नु पर्‍यो सहर ?

अपन दैनिक संवाददाता
भारत, जेठ ३० गते



आर्यन असारी (१७ बर्ष) अहिले गुजरातको साबरकाँठा जिल्लाको खानपुर गाउँमा बस्छन् । १२ जुन २०२५ मा उनी अहमदाबाद पुगेका थिए। त्यही दिन उनले एउटा विमान उडिरहेको देखे र त्यसको भिडियो खिचे । केही सेकेण्डमै उक्त विमान दुर्घटनाग्रस्त भयो।

यस दुर्घटनामा विमानमा सवार २४१ जनासहित कुल २६० जनाको ज्यान गएको थियो । आर्यनले मोबाइल फोनबाट खिचेको भिडियो दुर्घटनासम्बन्धी सबैभन्दा महत्वपूर्ण दृश्य प्रमाणमध्ये एक बन्यो । १३ जुन २०२५ मा बीबीसी गुजरातीले आर्यनलाई भेटेर अन्तर्वार्ता लिएको थियो । एक वर्षपछि आर्यन आफ्नो गाउँमा बसिरहेका छन् र विमानको भिडियो खिच्न डराउन थालेका छन्।

आर्यन आफ्ना बुबा-आमा र एक बहिनीसँग खानपुर गाउँमा बस्छन् । उनले हालै कक्षा १२ उत्तीर्ण गरेका छन् र अब कलेज अध्ययनको तयारीमा छन्। बीबीसी गुजरातीसँगको विशेष कुराकानीमा उनले पछिल्लो एक वर्षमा आफ्नो जीवनमा आएको परिवर्तनबारे बताएका छन् । अहिले उनका साथीभाइ र वरपरका मानिसहरूले उनलाई 'भिडियो ब्वाइ' भनेर चिन्ने गरेका छन्।

विवाह समारोह होस् वा कलेजको कार्यक्रम, मानिसहरूले उनलाई सबैभन्दा पहिले सोध्ने प्रश्न एउटै हुन्छ-त्यो भिडियो कसरी खिचियो ? आर्यन स्वभावले निकै शान्त छन् र कम बोल्छन्। उनलाई मोबाइलबाट विभिन्न भिडियो खिच्ने रुचि छ । घर बाहिर निस्कँदा साना-ठूला घटनाहरूको भिडियो रेकर्ड गर्ने उनको बानी थियो । यही बानीका कारण उनले एयर इन्डिया फ्लाइट १७१ दुर्घटनाको भिडियो पनि खिच्न पुगे।

**विमानको भिडियो कसरी खिचियो ?**

त्यस दिन उनी मेघानीनगरस्थित घरको छतमा थिए। उनले भने, 'म र मेरी बहिनी गाउँबाट बस चढेर भर्खरै अहमदाबाद आइपुगेका थियौं। म छतमा उभिएको थिएँ र बहिनी छतको कोठामा थिइन्। बुबा काममा जानु भएको थियो । म वरपरका भवनहरूको तस्वीर खिचिरहेको थिएँ।' उनको घर विमानस्थलको रनवे नजिकै छ । घरको एकातिर रनवे र अर्कोतिर एयर इन्डिया फ्लाइट १७१ दुर्घटनाग्रस्त भएको क्षेत्र रहेको छ। आर्यन भन्छन्, 'मैले रनवेबाट एउटा विमान उडेको देखें र जिज्ञासावश भिडियो बनाउन थालें। विमान केही माथि गयो, फेरि तल झर्‍यो, पुनः माथि उठ्यो र त्यसपछि अगाडि बढेर दुर्घटनाग्रस्त भयो । तुरुन्तै आगो लाग्यो र धुवाँ देखिन थाल्यो । त्यो दृश्य देखेर म निकै डराएँ।'

त्यसपछि उनले बहिनी नीलम असारीलाई घटनाबारे जानकारी दिए । नीलमले बाहिर हेर्दा चारैतिर धुवाँ मात्र देखिएको बताइन्। नीलमले भनिन्, 'मैले तुरुन्तै बुबालाई फोन गरें। उहाँ केहीबेरमै घर आइपुग्नुभयो र हामीलाई नआत्तिन सम्झाउनु भयो।'

**'भिडियो ब्वाइ' बने आर्यन**

भिडियो सार्वजनिक भएपछि सबैभन्दा पहिले एयरपोर्ट अथोरिटी अफ इन्डियाका अधिकारीहरू उनीसँग सम्पर्कमा आएका थिए । त्यसपछि बीबीसी गुजरातीको टोलीले पनि भेटेको थियो। आर्यन भन्छन्, 'अधिकारीहरूले भिडियोबारे जानकारी लिए। त्यसपछि बीबीसी गुजरातीले सम्पर्क गर्‍यो।'

भिडियो भाइरल भएपछि आर्यन एकाएक चर्चामा आए।

उनका बुबा मगनभाइ असारीका अनुसार, अत्यधिक मिडिया ध्यानका कारण आर्यनलाई अहमदाबादबाट गाउँ फर्काउनु परेको थियो । उनी भन्छन्, 'मिडियासँग लगातार कुरा गर्नुपर्दा उनी थाकिसकेका थिए। उनी धेरै बोल्न रुचाउँदैनथे, त्यसैले हामीले उनलाई गाउँ पठायौं।' गाउँमा पनि उनको चर्चा कम भएन । बहिनी

बाँकी पृष्ठ ४

## मधेश प्रदेशकी महिला सांसद 'विद्रोही' लाई ...........

मानव अधिकार तथा शान्ति समाजले हरेक वर्ष सामाजिक न्यायका लागि महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिलाई प्रदान गर्दै आएको छ।

**को हुन् ललिता दास तत्मा (विद्रोही) ?**

२०४२ साउन १४ गते सिरहा जिल्लाको तत्कालीन सन्हैठा गाउँ पञ्चायत अन्तर्गत कृष्णपुर गाउँमा जन्मेकी हाल लहान निवासी ललिता दास मधेश प्रदेशको प्रदेश सभा सदस्य तथा प्रदेश सभामा महिला बालबालिका तथा सामाजिक न्याय समितिको सदस्य हुनुका साथै जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्य हुन्।

जातीय तथा सामाजिक विभेद र उठीबासका घटना विरुद्ध सडक देखी सदनसम्म आवाज उठाउँदै विद्रोहीको पहिचान बनाएकी ललिता दास मधेशमा भएका विभिन्न आन्दोलनका क्रममा पटक पटक पक्राउ पर्नुका साथै सामाजिक आन्दोलनमा समेत सक्रिय छिन्।

आमाको निधन हुँदा छोरीले शव बोक्न नहुने लगायतका मान्यता भत्काउँदै २०८० सालमा आफ्नो आमाको निधन हुँदा माइती गाउँबाट कमला नदीसम्म शव बोकेर जानुका साथै १३ दिनसम्म कपाल खौरिएर काज क्रियामा ललिता दास बसेकी थिइन । विगतमा रेडियो पत्रकारको रूपमा समेत क्रियाशील ललिता दासका दर्जनौं लेख रचना प्रकाशित रहेको छ । उनी कुशल महिला सांसद रहेकी छन् । उनले पुरुष प्रधान समाजको अवधारणा बदि्लने उद्देश्यका साथ अगाडि बढ्दै गरेकी छन्।

## विद्यालयको सार्वजनिक जग्गामा निर्माण रोक्न .............

जग्गाको केही भाग व्यक्तिको नाममा बिक्री-वितरण गरिएको विषय विवादित रहेको र त्यसको कानुनी परीक्षण जारी रहेको अवस्थामा थप संरचना निर्माण भए सार्वजनिक हितमा अपूरणीय क्षति पुग्न सक्ने देखिएको छ।

अदालतले विपक्षी पक्षलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिँदै विवादित जग्गाको यथास्थिति कायम राख्न निर्देशन दिएको थियो।

**आदेशपछि पनि निर्माण कार्य जारी रहेको आरोप**

तर स्थानीय स्रोत तथा सरोकारवालाहरूका अनुसार अदालतको अन्तरिम आदेश जारी भइसकेपछि पनि विवादित क्षेत्रमा निर्माण कार्य पूर्ण रूपमा रोकिएको छैन । केही संरचनाको निर्माणलाई निरन्तरता दिइएको दाबी गर्दै स्थानीयवासीहरूले अदालतको आदेश प्रभावकारी रूपमा कार्यान्वयन गराउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

स्थानीयहरूको भनाइमा सार्वजनिक विद्यालयको नाममा रहेको जग्गा संरक्षण गर्नु राज्यको दायित्व भए पनि आदेश कार्यान्वयनमा अपेक्षित सक्रियता नदेखिएको आरोप छ । उनीहरूले सार्वजनिक सम्पत्तिको संरक्षण तथा न्यायिक आदेशको सम्मान सुनिश्चित गर्न सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्ने बताएका छन्।

**अदालतको आदेश उल्लंघन भए कानुनी कारबाही सम्भव**

कानुनी जानकारहरूका अनुसार अदालतबाट जारी अन्तरिम आदेशको अवज्ञा गर्दै निर्माण कार्य जारी राखिए त्यसलाई न्यायिक आदेशको उल्लंघनका रूपमा लिन सकिन्छ । यस्ता अवस्थामा अदालतले आदेश कार्यान्वयन गराउन थप निर्देशन दिनुका साथै आदेश उल्लंघन गर्ने पक्षविरुद्ध आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सक्ने व्यवस्था रहेको छ।

उनीहरूका अनुसार अदालतको आदेश जारी भइसकेपछि यथास्थिति कायम राख्नु सम्बन्धित सबै पक्षको कानुनी दायित्व हो । आदेशको अवहेलना भए त्यसले न्यायिक प्रणालीको प्रभावकारिता तथा कानुनी शासनमाथि नै प्रश्न उठाउन सक्छ।

यता पूर्वाधार विकास कार्यालय सिरहाका सब-इन्जिनियर बिनोद नायकले सिरहा जिल्ला अदालतबाट अन्तरिम आदेशको प्राप्त भएपछि सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरूलाई जेठ २२ गते नै पत्राचार गरिसकिएको बताए । "अदालतको आदेश प्राप्त भएपछि हामीले सम्बन्धित पक्षलाई जानकारी गराइसकेका छौं । त्यसपछि कसले के गरिरहेको छ भन्ने विषयमा हामीसँग थप जानकारी छैन," उनले भने।

यस घटनाले सार्वजनिक विद्यालयको जग्गा संरक्षण, अदालतको आदेश कार्यान्वयन तथा सार्वजनिक सम्पत्तिको व्यवस्थापनबारे पुनः बहस सुरु गराएको छ । अब अदालतको आदेश कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ र विवादित जग्गाको अन्तिम कानुनी टुंगो कसरी लाग्छ भन्ने विषयमा स्थानीयवासी तथा सरोकारवालाहरूको चासो केन्द्रित भएको छ।

# सिरहा जिल्ला क्रिकेट संघको नेतृत्व सर्वसम्मत चयन, सुनिल महासेठ पुनः अध्यक्षमा निर्विरोध

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ ३० गते**

सिरहा जिल्ला क्रिकेट संघको नयाँ नेतृत्व सर्वसम्मत रूपमा चयन भएको छ । संघको जिल्ला अधिवेशनबाट अध्यक्षमा सुनिल कुमार महासेठ पुनः निर्विरोध निर्वाचित भएका छन् ।

सिरहा सदरमुकामस्थित नेपाल बार एसोसिएसनको सभाहलमा सम्पन्न अधिवेशनले महासेठको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो । नवगठित कार्यसमितिको उपाध्यक्षमा लक्ष्मी सहनी, सचिवमा विकल कुमार विष्ट तथा कोषाध्यक्षमा श्यामबाबु यादव निर्विरोध निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यहरूमा शिवकुमार साह, रमेश कुमार साह, अनिशलाल श्रेष्ठ, मनोज कुमार साह, जितेन्द्र कुमार मण्डल, हेमन्त अधिकारी, नन्दकिशोर महतो, उमेश कुमार महासेठ, राकेश कुमार यादव, शंकर यादव तथा कैलाश चौधरी निर्विरोध चयन भएका छन् ।

नवनिर्वाचित अध्यक्ष महासेठ हाल मधेश प्रदेश क्रिकेट संघका अध्यक्षसमेत रहेका छन् । अधिवेशनको उद्घाटन सिरहा नगरपालिकाका मेयर डा. नवीन कुमार यादवले गरेका थिए भने नेपाल क्रिकेट संघ (क्यान) का प्रतिनिधि आयुष श्रेष्ठको पनि सहभागिता रहेको थियो ।




अधिवेशनका क्रममा सिरहा जिल्लाबाट महिला तथा पुरुष क्रिकेटको विकास र प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएका खेलाडीहरूलाई सम्मान गरिएको संघका सचिव विकल कुमार विष्टले जानकारी दिए ।

जिल्ला क्रिकेट संघको नयाँ नेतृत्व चयनसँगै सिरहामा क्रिकेट गतिविधिलाई थप व्यवस्थित, प्रतिस्पर्धी र खेलमैत्री वातावरणमा विस्तार गर्ने अपेक्षा गरिएको छ ।

# धनुषामा राजगुठी सम्पत्तिको अतिक्रमण हटाउन गुठी संस्थानको सूचना, अटेर गरे कानुनी कारबाही हुने




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, जेठ ३० गते**

गुठी संस्थानले धनुषा जिल्लाभित्र रहेका राजगुठीका मठ-मन्दिर परिसर, पोखरीका डिल तथा गुठी तैनाथी जग्गामा भएको अनधिकृत अतिक्रमण तत्काल हटाउन अत्यन्त जरुरी सार्वजनिक सूचना जारी गरेको छ ।

संस्थानद्वारा जारी सूचनाअनुसार धनुषा जिल्लाका विभिन्न स्थानमा रहेका राजगुठीका मठ-मन्दिर परिसर, पोखरीका डिल तथा गुठी तैनाथी जग्गा केही व्यक्ति तथा संस्थाले अनधिकृत रूपमा अतिक्रमण गरी संरचना निर्माणसमेत गरेर भोगचलन गरिरहेको पाइएको छ ।

यस्तो कार्यले सार्वजनिक तथा धार्मिक महत्वका सम्पत्तिको संरक्षणमा चुनौती सिर्जना गरेको भन्दै गुठी संस्थानले सम्बन्धित सबैलाई तत्काल अतिक्रमण हटाउन आग्रह गरेको छ । सूचनाको अवज्ञा गरी अनधिकृत संरचना वा कब्जा कायम राखिएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही अघि बढाइने संस्थानले स्पष्ट गरेको छ ।

गुठी संस्थानले राजगुठी अन्तर्गतका मठ-मन्दिर, पोखरी तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापन सबै सरोकारवालाको साझा दायित्व भएको उल्लेख गर्दै सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग गर्न स्थानीयवासी, सम्बन्धित निकाय तथा अतिक्रमणकारीलाई आह्वान गरेको छ ।

## २६० जनाको ज्यान गएको विमान दुर्घटनाको ............

नीलमका अनुसार सबैले उनलाई 'भिडियो बनाउने केटा' भनेर चिन्न थाले ।

**आर्यन अब विमानको भिडियो किन खिच्दैनन् ?**

आर्यनका अनुसार धैरै मानिसहरूले उनलाई चर्चित भएको बताए । शिक्षकहरूले पनि उनको कामको प्रशंसा गर्दै अनुसन्धानमा सहयोग पुगेको बताएका थिए । तर दुर्घटनाले उनलाई भावनात्मक रूपमा असर पनि गऱ्यो । उनले भने, 'मलाई लाग्छ, यदि मैले फेरि कुनै विमानको भिडियो खिचें भने फेरि दुर्घटना हुन सक्छ र मानिसहरूको ज्यान जान सक्छ । त्यसैले अहिले म विमानको भिडियो खिच्दिनँ ।'

यद्यपि, उनले अन्य घटनाहरूका भिडियो भने अझै खिचिरहन्छन् । उनको मोबाइलमा रहेको पछिल्लो भिडियो अहमदाबादबाट गाउँ फर्कदाको यात्राको हो, जसमा उनले राजमार्ग वरपरको हरियाली र सवारीसाधनहरू कैद गरेका छन् । आर्यन भन्छन्, 'हालै म एउटा विवाहमा गएको थिएँ ।

सबैले मलाई घेरेर भिडियोबारे प्रश्न गरे । उनीहरू भन्थे, 'तिमी धेरै चर्चित भयौ ।'

यो सुन्दा मलाई राम्रो लाग्छ, किनभने मैले यस्तो काम गरेको छु, जुन अरू कसैले गरेका थिएनन् ।'

## मधेशमा रास्वपाभित्र कलह ...........

सभापतिमा बुद्धिप्रसाद पन्त (हरि) प्यानलसहित निर्वाचित भएका थिए । निर्वाचन समितिका संयोजक रहेका नन्दन यादवका अनुसार, सभापति पदमा पर्सा-१ का सांसद पन्तले १६६ मत ल्याउँदा उनका प्रतिद्वन्द्वी पर्सा-२ का सांसद सुशीलकुमार कानुले ११८ मत प्राप्त गरेका थिए ।

कानुलाई पर्सा-३ का सांसद रामाकान्त चौरसिया र ४ का टेकबहादुर शाक्यले सघाएका थिए । पन्तबाहेक तीनै जना चुनावको समयमा रास्वपा प्रवेश गरेका थिए । पन्तलाई उनका प्रतिद्वन्द्वी कानुले समाजिक सञ्जालमार्फत बधाई दिँदै एक भएर अगाडि बढ्ने बताएका छन् । निर्वाचित भएका पन्तले सबैलाई मिलाएर अगाडि बढ्ने प्रतिक्रिया दिएका छन् ।

**अन्य जिल्लामा भद्रगोल**

पर्साबाहेक अरू सातै वटा जिल्लामा अधिवेशन स्थगित भएको छ । विवादका बीच गत मंगलबार पार्टीको केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले जारी गरेको सूचनामा 'अर्को सूचना नभएसम्मका लागि मधेश प्रदेशमा अधिवेशनका सम्पूर्ण गतिविधि स्थागित गरिएको' जनाइएको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचित भएका सांसदहरूले पार्टीमा वर्चश्व बनाउन खोजेकाले धेरैजसो ठाउँमा अधिवेशन हुन नसकेको पार्टी स्रोतको भनाइ छ । सर्लाही र रौतहटमा अधिवेशनको मिति तोकिए पनि अन्तिम समयमा आएर स्थगित गरिएको थियो । यहाँ नेतृत्व चयनको विषयमा दुई वा दुईभन्दा बढी समूहबीच तीव्र प्रतिस्पर्धा देखिएको छ ।

पार्टी प्रवक्ता तथा सांसद मनीष झाको गृह जिल्ला धनुषामा पनि सदस्यता विवाद, प्रतिनिधि छनोट प्रक्रिया र नेतृत्वको दाबीलाई लिएर असन्तुष्टि बढेपछि अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ । बारा, महोत्तरी, सिरहा र सप्तरीमा संगठन नै भद्रगोल छ ।

यी जिल्लामा पार्टीभित्रै समानान्तर गतिविधि सञ्चालन भएको, केही नेताले केन्द्रीय निर्णयप्रति असन्तुष्टि जनाउँदै छुट्टै भेला आयोजना गरेको जस्ता घटनाले द्वन्द्व बढाएको छ । विवादित अधिकांश ठाउँमा दुई पक्षीय विवादहरूमा हात हालाहाल र मुठभेटको पनि सिर्जना भएको छ ।

नयाँ अनुहार, विभिन्न पृष्ठभूमि, र फरक-फरक सोच बोकेका समूहहरू एकै प्लेटफर्ममा आउँदा शुरूमा मतभेद देखिनु स्वभाविक भएको राजनीतिक विश्लेषक गुप्ता बताउँछन् । तर त्यस्तो मतभेद व्यवस्थापनमा चुनौती देखिएको उनको भनाइ छ ।

## घरबाटो सिफारिस नपाउँदा वृद्धा अप्ठ्यारोमा, .............

काठमाडौंमा मजदुरी गर्दै आएका छन् । छोरीको विवाहका लागि आवश्यक खर्च जुटाउन परिवारबाट सहयोग नपाएपछि जेठी छोरी र ज्वाइँले ऋण सापटी गरेर रकम जुटाएपछि मात्र विवाह सम्पन्न भएको उनले बताइन् ।

उनका अनुसार विवाह खर्चको ऋण तिर्न जग्गा धितो राख्न खोज्दा जेठी बुहारी सेनुदेवीले उक्त जग्गा आफ्नी आमाको नाममा पास गरिदिएपछि मात्र खर्चको हिस्सा तिर्ने सर्त राखेकी थिइन् । देवकीदेवीले त्यस प्रस्ताव अस्वीकार गरेपछि आफूलाई कुटपिट र गालीगलौज गर्ने गरेको आरोप लगाइन् । साथै, घरबाटो सिफारिस रोक्न वडाध्यक्षलाई प्रभावित पारेको समेत उनको दाबी छ ।

स्थानीय अगुवा मो. मुजाहिदका अनुसार उक्त जग्गा सम्बन्धी विवाद गाउँस्तरमा पटक-पटक छलफल भए पनि समाधान हुन सकेन । उनले न्यायिक समितिमा परेको उजुरीका आधारमा जग्गा रोक्का गरिएको र पछि गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजकको पहलमा फुकुवा गरिएको बताए ।

देवकीदेवीले फुकुवा भएको जग्गा छोरीको विवाहमा लागेको ऋण तिर्न दृष्टिबन्धक राखेको बताइन् । त्यसपछि 'हाम्रो हिस्साको जग्गा किन दृष्टिबन्धक राखियो' भन्ने विषयलाई लिएर परिवारमा विवाद झन् बढेको उनको भनाइ छ ।

यही विवादका क्रममा २२ जेठ बिहान माहिली बुहारी रुनादेवीमाथि जेठी बुहारी र नातिले कुटपिट गरेको आरोप पनि लगाइएको छ । देवकीदेवीका अनुसार घटनामा रुनादेवीको टाउको र अनुहारमा चोट लागेको थियो र स्थानीय क्लिनिकमा उपचार गराइएको थियो ।

उता, परशुराम मण्डलले भने जग्गा सम्बन्धी विषय अंशियारबीचको विवादसँग जोडिएको बताए । उनका अनुसार उक्त जग्गामा तीन छोरा पक्षको पनि दाबी रहने भएकाले न्यायिक समितिमा उजुरी परेपछि अंशियारहरूको मौखिक आग्रहमा घरबाटो सिफारिश रोकिएको हो ।

वडाध्यक्ष मण्डलले न्यायिक समितिको पत्रका आधारमा रोक्का रहेको जग्गा पछि फुकुवा भई दृष्टिबन्धक समेत राखिएको जानकारी आफूले पाएको बताउँदै त्यसपछि घरबाटो सिफारिश किन आवश्यक परेको हो भन्ने प्रश्न उठाए ।

परिवारभित्रको सम्पत्ति विवाद, घरबाटो सिफारिशको विषय र कुटपिटका आरोपले स्थानीय तहमा थप विवाद सिर्जना गरेको छ भने सम्बन्धित पक्षबीच सहमतिमार्फत समाधान खोज्नुपर्ने आवश्यकता देखिएको छ ।

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं ।
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं ।
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं ।
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं ।
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं ।
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं ।
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं ।
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं ।
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं ।
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं ।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं ।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं ।
- पर्व-उत्सवहरू मिलेर मनाऔं ।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं ।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं ।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी**
मधेश प्रदेश, सिरहा (नेपाल)

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं ।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं ।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं ।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं ।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं ।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं ।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

**सावधानी अपनाऔं, सुरक्षित रहौं ।**

**कल्याणपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)